# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची–१४
## (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
## आ. ब. २०७९/८० को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन (२०७९ श्रावण, भाद्र र आश्विन )
(२०७९ कार्तिक २९ गते, कान्तिपुर दैनिकमा प्रकाशित)

### १. वितीय विवरण :
क. यस कम्पनीको आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्वन्धी विवरणहरु सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितो पत्र दर्ता निष्कासन नियमावली, २०७३ बमोजिम प्रकाशन गरिएको छ।

ख. प्रमुख वित्तीय अनुपातहरु :

१. प्रति शेयर आम्दानी * : रु. ५६.८४
२ पी. ई. अनुपात : ६०.००
३. प्रति शेयर नेटवर्थ : रु. २०१.६४
४. तरलता अनुपात : ४.१३

* प्रति शेयर आम्दानी annualized गरिएको।

### २. व्यवस्थापकीय विश्लेषण :
क. कम्पनीले उत्पादन गरेको **Golden Oak** र **Black Oak** उपभोक्ताहरु माझ लोकप्रिय रहेको र उभोक्ताको प्राथमिकतामा पर्न सफल भएको यसको बिक्री वितरणका परिमाणबाट महसुस गरेका छौं। यसका साथै हालसालै बजारमा ल्याइएको **Blue Oak** नामक मदिरा पनि उपभोक्ताहरु माझ लोकप्रिय हुनेछ भन्नेमा आशावादी छौं।

ख. उपभोक्ताका माझ पहिचान बनाई सकेका **Golden Oak / Black Oak** को नक्कल गरी उस्तै बोतल र लेवल प्रयोग गरी कम गुणस्तरका मदिराहरु उत्पादन गरी उपभोक्ताहरुलाई भ्रममा पार्ने कार्यले यस कम्पनीका ब्राण्डका मदिराको बिक्री वितरणमा प्रभाव पर्न गएको र कालान्तरमा समेत यस्तो प्रभाव पर्ने देखिन्छ।

ग. कम्पनीको गत वर्षको यसै अवधिको बिक्री भन्दा यस वर्षको बिक्री बढ्न गएता पनि गत वर्षको भन्दा यस वर्षको बिक्री लागतका साथसाथै प्रशासनिक तथा वित्तीय खर्च समेत बढ्न गएको हुँदा खुद मुनाफामा बिक्रीमा भएको वृद्धिको अनुपातमा सामान्य मात्र वृद्धि भएको छ।

घ. उपभोक्ताको चाहनालाई उच्चतम् ध्यानमा राखेर उत्पादित वस्तुको गुणस्तर प्रति सचेत र संवेदनशील भई कार्य गर्ने गरिएको छ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :
क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाडौंमा केही व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्दा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आंशिक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास विरगंजमा पुनरावेदन गरेको थियो। सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आएको। सोही मुद्दा सँग सम्बन्धित विषय श्रम अदालत काठमाण्डौमा मुलतवी रहेकोमा सो जागी त्यहाँबाट निवेदकहरुको पक्षमा निर्णय प्राप्त भएको छ। सो निर्णय उपर चित्त नबुझी कम्पनीले सम्मानित सर्वोच्च अदालतमा उत्प्रेशण लगायतको आदेश जारी गरी पाउन रिट निवेदन दायर गरेकोमा श्रम अदालतको फैसला हाललाई कार्यान्वयन नगर्न रिट जारी भएको छ।

ख. आर्थिक ऐन २०७७ ले अन्तः शुल्क ऐन, २०५८ को दफा ४(ङ) मा कायम गरिएको संशोधित दफाको व्यवस्था उपर आन्तरिक राजस्व विभागका महानिर्देशक मार्फत भएको पूर्वादेश उपर चित्त नबुझी श्री राजस्व न्यायधिकरण, काठमाडौंमा पुनरावेदन गरिएकोमा त्यहाँबाट निवेदकले माग गरे मध्येको मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको व्यवस्था अनुसार छुट पाउने नपाउने सम्बन्धमा केही नबोली भएका निर्णय त्रुटीपूर्ण देखिँदा वदर गरी निवेदकको पूर्वादेश माग गरेका सबै विषयमा जे जो गर्नु पर्ने गरी पूर्वादेश सम्बन्धी निर्णय गर्नु भनी निर्णय भएकाले पुनः उक्त विषयमा हामीले आन्तरिक राजस्व विभाग समक्ष निवेदन पेश गरी सकेको र यस विषयको निर्णय प्रस्तुत अवधिमा प्राप्त नभएको जानकारी गराउँदछौं।

ग. आ.व. २०६१/६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा चलिरहेकोमा हाल सम्म उक्त विषयको कुनै पनि निर्णय प्राप्त भएको छैन।

घ. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२।०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझी आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयहरुमा यस त्रैमासिक अवधि सम्म पनि कुनै निर्णय भएको जानकारी प्राप्त भएको छैन।

ङ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोही कसैले कुनै किसिमको मुद्दा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन।

### ४. यस संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :
क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोबार हुने गरेको छ।

ख. यस प्रथम त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोबार तपशिल अनुसार भएको देखिन्छ। (श्रोतः www.nepalstock.com.np)

अधिकतम् मूल्य रु. ४,०२७.००
न्यूनतम् मूल्य रु. ३,१८५.००
कारोबार दिन ६५

### ५. समस्या तथा चुनौती :
यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन्।

क. आर्थिक ऐन, २०७९ ले पनि अन्तः शुल्क दरमा वृद्धि गरेको हुनाले कम्पनीबाट उत्पादन हुने मदिराको उपभोक्ता मूल्यमा वृद्धि हुन पुगेकोले उत्पादित मदिराको बिक्री वितरणमा थप चुनौतीको सामना गर्नु पर्ने भएको छ।

ख. बजारमा चालु पूँजीको अभाव, बैंकले प्रवाह गर्ने ऋण रकममा कडाई, ब्याजदरमा अत्याधिक वृद्धि जस्ता कारणबाट यस क्षेत्रमा लगानीको अभाव रहेको एवं उपभोक्ताको क्रय शक्तीमा समेत आएको ह्रासका कारण आगामी अवधिमा मदिराको कारोबारमा प्रभाव पर्ने देखिएको छ।

ग. अर्न्तराष्ट्रिय बजारमा बढ्दै गएको इन्धन तथा अन्य कच्चा पदार्थहरुको मूल्यका साथै बजारमा अमेरिकी डलरको सटही दरमा पनि उल्लेख्य वृद्धि भएकाले भारत तथा तेस्रो मुलुकबाट आयात गरिने कच्चा पदार्थहरुको मूल्य बढ्न जाँदा उत्पादन लागत समेत बढ्ने देखिएको छ।

घ. विदेशी मुद्राको संचिति कम हुँदै आएको अवस्था, बैंक ब्याजमा भएको उच्च वृद्धि र मुद्रास्फितिले गर्दा उपभोक्ताको क्रय शक्तीमा आएको ह्रास एवं मदिरा व्यवसाय वृद्धिका लागि गरिने क्रियाकलाप समेत प्राय बन्द जस्तै भएका कारणले यसको उपभोग र बिक्री वितरणमा प्रभाव पर्न जाने आंकलन गरेका छौं।

ङ. उपभोक्ताले बढी रुचाएको **Golden Oak / Black Oak** नामक ब्राण्डको मदिराको बिक्री वितरणलाई प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा उस्तै लेवल, बोतल प्रयोग गरी कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गर्ने कार्य साविकमा जस्तै हाल पनि कायमै रहेकाले बिक्री वितरणमा प्रभाव परि रहेको छ।

### ६. संस्थागत सुशासन :
स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई अघिल्ला त्रैमासिकमा जस्तै यस त्रैमासिक अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने वस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, समय समयमा तालिका बनाई आन्तरिक रुपमा पनि उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत कच्चा पदार्थहरुको पनि निरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको कोटेशन माग गर्ने, मूल्य र सामानको गुणस्तर आदिको अध्ययन, अनुसन्धान, परीक्षण आदि गरेर मात्र गर्ने गरेका छौं। उद्योग रहेको क्षेत्र, स्थानिय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने कार्य गर्ने गरिएको साथै सके सम्म गुणस्तरलाई ध्यानमा राखी खरिद गर्ने वस्तुको मूल्यलाई सके सम्म व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ हुन जानेमा विश्वस्त रहेका छौं। यस उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी प्रस्तुत शीर्षक अन्तर्गत छुट्याईएको रकमबाट अधिकतम् कार्य गर्ने प्रयास गरेका छौं।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :
यस प्रथम अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु। मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन। कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू-सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु।

## Unaudited Statement of Financial Position for the Quarter Ended as on 31st Ashwin 2079

| Particulars | This Quarter Ending (Rs.) | Upto Previous Quarter Ending (Rs.) | Corresponding Previous Year Quarter Ending (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 486,286,324 | 497,507,685 | 504,462,634 |
| b) Capital work-in-progress | - | - | 44,596 |
| c) Intangible assets | 821,516 | 67,378 | 321,840 |
| d) Financial assets | | | |
| Advance for investments in equity instruments | - | - | - |
| e) Investments | 101,100,000 | 69,000,000 | 69,000,000 |
| f) Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **608,400,982** | **586,768,205** | **594,022,212** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 296,828,002 | 209,962,192 | 254,661,419 |
| b) Financial assets | | | |
| Trade receivables | 2,498,619,550 | 1,268,720,123 | 1,977,230,907 |
| Cash and cash equivalents | 388,975,564 | 1,116,182,117 | 17,205,468 |
| c) Other current assets | 97,194,204 | 106,112,271 | 135,727,310 |
| **Total** | **3,281,617,320** | **2,700,976,701** | **2,384,825,104** |
| **Non-current assets held for sale** | **-** | **-** | **-** |
| **Total current assets** | **3,281,617,320** | **2,700,976,701** | **2,384,825,104** |
| **TOTAL ASSETS** | **3,890,018,302** | **3,287,744,907** | **2,978,847,315** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 1,518,479,156 | 1,518,479,156 | 867,702,375 |
| b) Other equity | | | |
| Reserves and surplus | 1,543,367,650 | 1,324,481,981 | 1,348,174,409 |
| **Total Equity** | **3,061,846,807** | **2,842,961,137** | **2,215,876,784** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | - | - |
| b) Deferred tax liabilities | 32,817,279 | 35,620,944 | 35,620,944 |
| **Total Non-Current Liabilities** | **32,817,279** | **35,620,944** | **35,620,944** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | 150,000,000 | - | 39,150,316 |
| Trade payables | 238,964,611 | 78,223,772 | 228,160,526 |
| Other financial liabilities | 70,320,752 | 160,533,093 | 77,631,680 |
| b) Other current liabilities | 265,756,198 | 170,405,961 | 310,586,427 |
| c) Current tax liabilities (net) | 70,312,655 | - | 71,820,638 |
| **Total Current Liabilities** | **795,354,217** | **409,162,826** | **727,349,587** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,890,018,302** | **3,287,744,907** | **2,978,847,315** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended as on 31st Ashwin 2079

| Particulars | This Quarter Ending (Rs.) | Upto Previous Quarter Ending (Rs.) | Corresponding Previous Year Quarter Ending (Rs.) |
|---|---|---|---|
| Revenue from operations | 1,382,400,383 | 7,583,030,937 | 1,231,060,219 |
| Less: excise duties | 626,643,877 | 3,523,909,082 | 534,509,479 |
| Less: cost of goods sold | 243,617,185 | 1,342,139,957 | 215,176,987 |
| Less: manufacturing expenses | 42,110,182 | 213,866,701 | 34,516,998 |
| **Gross profit** | **470,029,138** | **2,503,115,197** | **446,856,755** |
| Other operating income | 3,411,903 | 5,294,346 | - |
| **Total income from operations** | **473,441,041** | **2,508,409,542** | **446,856,755** |
| Employee benefit expenses | 66,995,586 | 308,364,071 | 70,099,889 |
| Administration and other expenses | 19,625,594 | 96,471,160 | 13,493,267 |
| Selling and distribution expenses | 83,044,693 | 634,473,519 | 66,735,744 |
| **Operating profit** | **303,775,168** | **1,469,100,792** | **296,527,854** |
| Depreciation and amortisation | 13,016,476 | 51,625,961 | 12,806,523 |
| Finance costs | 1,147,003 | 975,779 | 121,538 |
| **Profit before tax** | **289,611,690** | **1,416,499,052** | **283,599,793** |
| Income tax expenses | 73,850,981 | 361,207,258 | 72,317,947 |
| **Profit for the year** | **215,760,709** | **1,055,291,794** | **211,281,846** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | **-** | **-** | **-** |
| **Total comprehensive income for the year** | **215,760,709** | **1,055,291,794** | **211,281,846** |
| **Earning per equity share** (face value of Rs. 100 each) | | | |
| Basic EPS* | 56.84 | 69.50 | 55.66 |
| Diluted EPS* | 56.84 | 69.50 | 55.66 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 60.00 | 49.07 | 123.96 |
| Net Worth Per Share | 201.64 | 187.22 | 255.37 |
| Liquidity Ratio | 4.13 | 6.60 | 3.28 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
* Corresponding Previous Year Quarter's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares as per NFRS

**हिमालयन डिष्टिलरी लिमिटेड,**
विरगञ्ज महानगरपालिका वडा नं. – २१,
लिपनि विर्ता, पर्सा, नेपाल